# संघीय संसद
# प्रतिनिधि सभा

**चौथो अधिवेशन**

**बैठक संख्या - ३९**

## दैनिक कार्यसूची

२०७६ साउन ८ गते

**बुधबार**

दिनको २:३० बजे

**जरुरी सार्वजनिक महत्वको प्रस्ताव**

१. माo श्री मिनेन्द्रप्रसाद रिजालले "अविरल वर्षा र यसका कारण आएको बाढी, पहिरो र डुबानका कारण देशभरि एकसय भन्दा बढी नागरिकले ज्यान गुमाउनु परेको, कतिपय नागरिक बेपत्ता तथा घाइते भएको, केही राजमाग र विद्युत सेवा अवरुद्ध रहेको, अरबौं मूल्य बराबरको धनमालको क्षति भएकोले सरकारद्वारा संचालित उद्धार तथा राहत कार्यको प्रगति तथा प्रभावित क्षेत्रको विद्यमान अवस्थाबारे प्रतिनिधि सभामा जानकारी लिने, तीनै तहका सरकारद्वारा संचालित उद्धार, राहत र त्यसपछिको पुनर्स्थापनाको एकीकृत कार्यक्रम प्रभावकारी तथा निष्पक्ष तवरले सञ्चालन गर्न नेपाल सरकारलाई नीतिगत निर्देशन दिन आवश्यक भएको" भन्ने विषयको जरुरी सार्वजनिक महत्वको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

उक्त प्रस्तावका समर्थकहरु माo श्री राजकिशोर यादव र माo श्री पुष्पा भुसाल (गौतम)ले प्रस्तावको समर्थन गर्नुहुने ।

**विशेष प्रस्ताव**

२. सम्माननीय सभामुखले निम्नलिखित विशेष प्रस्ताव प्रस्तुत गर्नुहुने ।

"केही दिनयता जारी अविरल वर्षाका कारण देशका विभिन्न भागहरुमा आएको बाढी, पहिरो र डुबानले भएको जनधन क्षतिको घटनाले हामीलाई निकै मर्माहत बनाएको छ । यस प्राकृतिक विपद्का कारण दुःखद निधन भएकाहरुप्रति संघीय संसद प्रतिनिधि सभाको यो बैठक भावपूर्ण श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ र प्राकृतिक विपद्मा परी घाइते हुनुभएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारमा कुनै कमी हुन नदिन नेपाल सरकारलाई निर्देश गर्दछ । विनासकारी प्रकोपमा परी हराइरहेकाहरुको खोजी, प्रभावितहरुको उद्धार र पीडितहरुलाई पुनर्स्थापना एवं राहतका कामलाई प्रभावकारी ढंगबाट अघि बढाउन सरकार र सरोकारवाला निकायहरुसंग अनुरोध गर्दछ । साथै प्राकृतिक विपद्बाट प्रभावित नागरिकहरुलाई आ-आफ्नो ठाउँबाट सक्दो सहयोग पुऱ्याउन संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरु, सामाजिक संघ संस्था, राजनीतिक दल तथा अन्य सबैमा हार्दिक अपील गर्दछ ।"

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव